स्वावलम्बन Self-reliance
शहरी गरीवहरुको लागि समाज (सुप) द्वारा प्रकाशित
वर्ष १७ अंक २२
वि.सं. २०७६ भाद्र/ने.सं. ११३९/ई.सं. : २०१९

## "सुप" सहयोगी सदस्य परिचय



सरिता महर्जन

मेरो शहरी गरीवहरूको लागि समाज (सुप) संगको परिचय २०४९ साल, स्थापना कालबाट नै भएको हो । ललितपुर महानगरपालिका वडा नं. २० मा प्रौढ कक्षा तथा महिलाहरूको लागि आय आर्जनका कार्यहरू गरी शुरु भएको यस संस्थाले विशेष गरी शहरी गरीब महिलाहरूलाई लक्षित गर्दै सीपमुलक तालिम संचालन गरी आत्मनिर्भर बनाउने महत्वपुर्ण कामहरू, शहरी गरीब बालबालिकाहरूलाई निःशुल्क अनौपचारिक बालकक्षाहरू संचालन, विद्यालयका विद्यार्थीहरूलाई छात्रवृत्ति दिने कार्य, घरभित्र नै रहेका भित्रि शहरका महिलाहरूलाई क्षमता अभिबृद्धि गरी समूह परिचालन र आर्थिक पहुँचमा जोड दिई काम गरिरहेकोले उक्त कार्यबाट प्रभावित हुदै म पनि वि.सं. २०६६ बाट यस संस्थामा सहयोगी सदस्यको रुपमा निरन्तरता दिन पाएकोमा म आफूलाई गौरवान्वित भएको महशुस गरेको छु। धन्यवाद !

नामः सरिता महर्जन, ल.म.पा, वडा नं. १६,
शिक्षाः स्नातकत्तोतर
कार्यरत संस्था : ल.म.पा, शाखा अधिकृत सातौं तह,
कार्य अनुभवः २२ वर्ष
हाल स्वयमसेविकाको रुपमा कार्यरत सामाजिक संस्थाः ज्यापु समाज यलको सचिव



कल्पना ताम्राकार (तुलाधर), ताहाचल

शहरी गरीबहरूको उत्थानको लागि अनवरत रुपमा सेवा गरिरहेको "सुप" संस्थामा विगत ९ वर्ष देखि सहयोगी सदस्यको रुपमा आवद्ध हुन पाउनु मेरो लागि अत्यन्त खुशी एवं सौभाग्यको कुरा हो । यस पवित्र संस्थाले शहरी गरीबहरूको उत्थान कार्य अन्तर्गत विपन्न एवं पछाडि पारिएका महिलाहरूलाई स्वावलम्वन र आत्मनिर्भर बनाउनका लागि गरिएका असल अभ्यासका उदाहरणहरूमा माँः पुचः गोफल क्याटरिङ्ग प्रा.लि., जागरण महिला समूह सहकारीमा समायोजन हुनु, छात्रवृत्ति प्राप्त गरी सफल भएका विद्यार्थीबाट संस्थालाई छात्रवृत्तिमा सहयोग गर्नु जस्ता नमुना योग्य कार्य बुद्धको महत्वपूर्ण कथन सेवा नै कुशल धर्म हो भन्ने ज्ञान "बुद्ध ज्ञान" हो भनी मैले ठानेको छु। यस संस्थाले प्रदान गरिरहेको सेवा सही उदाहरण भइरहेको महशूस मैले गरेको छु।

"सुप" संस्थाको कल्याणकारी कार्यहरू अझै बढाउँदै लैजान सकोस् भनी मंगलमय शुभकामना दिन चाहन्छु । मैले पनि यस संस्थाको सहयोगी सदस्य भई सक्दो सहयोग निरन्तररुपले गरिरहने नै छु ।

"भवतु सब्व मंगलम्"



## धन्यवाद ज्ञापन तथा शुभ-कामना

शहरी गरीबहरूको लागि समाज "सुप" संस्थाबाट गएको २६ औं वार्षिक साधारण सभामा यस श्री महिला तरकारी व्यवसायी साकोसलाई सम्मानका साथ ल्यापटप सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद ज्ञापनका साथै "सुप" संस्थाको २७ औं वार्षिक साधारण सभा गर्न सफल हुनु भएकोमा हार्दिक बधाई तथा आगामी वर्षमा यहाँको उत्तरोत्तर प्रगतीको मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।

**श्री महिला तरकारी व्यवसायी**
**बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
कालिमाटी, वडा नं. १३, काठमाडौं ।

# छात्रवृत्ति कार्यक्रम



यस शहरी गरीबहरूको लागि समाज (SOUP) ले आफ्ना सदस्यहरू बाहेक अन्य शुभचिन्तक तथा इच्छुक महानुभावहरूलाई पनि शहरी गरीब समुदायहरूको विकासमा सहभागी गराउँदै समुदायलाई आत्मनिर्भर बनाउन विभिन्न क्रियाकलापहरू गर्दै आए अनुरुप छात्रवृत्ति कार्यक्रममा धेरै भन्दा धेरै सहयोगी सदस्यहरूको रुचिले गर्दा वि.सं. २०७५ सालमा जेहेन्दार तथा आर्थिक अवस्था कमजोर कै कारणले शिक्षालाई निरन्तरता दिन नपाएका १९३ जना छात्रछात्राहरूलाई (CORE International बाट १०३ जना र ९० जना सहयोगी सदस्यहरूबाट) छात्रवृत्ति प्रदान गरियो। जसमध्ये १३ जना विद्यार्थीहरू SEE परीक्षामा सहभागी भएकोमा १३ जनाले नै SEE परीक्षा पास गरी उच्च शिक्षा हासिल गर्न लागेका छन्। त्यस्तै गरी वि.सं. २०७६ सालमा १८३ जनालाई छात्रवृत्ति प्रदान गरिएको छ। यसरी छात्रवृत्ति कार्यक्रमलाई नजिकबाट माया गरी सहयोग गर्ने CORE International र "सुप" सहयोगी सदस्यहरूलाई "सुप" संस्था हार्दिक धन्यवाद प्रदान गर्दछ। साथै वि.सं. २०७५ सालको SEE प्रवेशिका परीक्षामा उत्तीर्ण छात्र-छात्राहरूलाई हार्दिक बधाई ज्ञापन गर्दै भविष्यको उत्तरोत्तर प्रगतिको कामना गर्दछ।

**"सुप" संस्थाद्वारा प्रदान गरिदै आएको छात्रवृत्ति कार्यक्रम अन्तर्गत २०७५ सालको (SEE) प्रवेशिका परीक्षामा उर्त्तिण हुनुभएका छात्र-छात्राहरूलाई**

## हार्दिक बधाई !



विनिता कपाली
(GPA - 3.45)
नवयुग मा.वि, दोलाछी, काठमाडौं
(सहयोगी सदस्य- ललिता थापा)



अमृषा श्रेष्ठ
(GPA - 3.2)
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोगी सदस्य- Grundschule Mammolshain)



शर्मिला तामाङ
(GPA - 2.75)
नवयुग मा.वि, दोलाछी, काठमाडौं
(सहयोगी सदस्य- सुधिर श्रेष्ठ)



श्याम परियार
(GPA - 2.75)
श्रमजित किशोर मा.वि.
(सहयोगी सदस्य- हिसिला तुलाधर)



लव न्यौपाने
(GPA - 2.70)
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोगी सदस्य- मनिष पाण्डे)



विवेक तामाङ
(GPA - 2.70)
नवयुग मा.वि, दोलाछी, काठमाडौं
(सहयोगी सदस्य- Scandinavian Help)



अन्जना श्रेष्ठ
(GPA - 2.60)
श्रमजित किशोर मा.वि.
(सहयोगी सदस्य- सिमा सुवेदी)



सन्जिव खत्री
(GPA - 2.55)
नवयुग मा.वि, दोलाछी, काठमाडौं
(सहयोगी सदस्य- मन्जु सिंह राणा)



सुविना खड्का
(GPA - 2.50)
श्री टौदह राष्ट्रिय उ.मा.वि.
(सहयोगी सदस्य- शारदा रिजाल)



राज करण यादव
(GPA - 2.30)
श्री विश्व निकेतन उ.मा.वि.
(सहयोगी सदस्य- स्व.सानुमाया मानन्धर)



सुसन कुश्ले
(2.25)
परोपकार आदर्श मा.वि.
(सहयोगी सदस्य- Fuzz Factory Prod.)



गुडु पासवान
(2.15)
श्री विश्व निकेतन उ.मा.वि.
(सहयोगी सदस्य- अनिता शाह)



शक्तिमान तामाङ
(1.70)
श्रमजित किशोर मा.वि.
(सहयोगी सदस्य- पदम लाल श्रेष्ठ)

## "सुरक्षित समुदाय निर्माण {Create Safer Community (CSC)}"

नेपाल प्राकृतिक प्रकोपको दृष्टिकोणले एकदमै जोखिमयुक्त देशहरू मध्येमा पर्दछ। बि.सं २०७२ को गोरखा भुकम्प पछि, नेपालका १४ जिल्लाहरू धैरै प्रभावित भएका थिए। यस किसिमको घटना फेरी पनि दोहरिन सक्ने सम्भावनालाई ध्यानमा राखी पूर्व तयारी तथा सजगता अपनाउन ती क्षेत्रका मानिसहरूमा भुकम्पका साथै अरु विपद्मा आफु बच्ने र अरुलाई बचाउने जस्ता विपद् जोखिम न्यूनिकरण सम्बन्धि ज्ञान, सचेतना र सीप प्रदान गरी स्थानिय स्तरमा नै सक्षम बनाउन आवश्यक देखिन्छ। यी कुरालाई मध्यनजर राखी शहरी गरिबहरूका लागि समाज "सुप" र जापानी संस्था "Shaplaneer" सँगको सहकार्यमा सन् २०१६ नोभेम्वरबाट सुरु भई अक्टोवर २०१९ सम्म संचालन हुने "सुरक्षित समुदाय निर्माण (CSC)" परियोजना काठमाडौं महानगरपालिकाका वडा नं. १२ तथा २१ र ललितपुर महानगरपालिकाका वडा नं. ७, ८, र १७ गरी जम्मा ५ वटा वडाहरूमा संचालन भैरहेको छ। पहिलेका वर्षभैं यस वर्ष पनि परियोजना अन्तर्गत विपद् जोखिम न्युनिकरणका बिभिन्न कार्यक्रमहरू संचालनमा रहेका छन्।

## अध्ययन केन्द्र संचालन

भविष्यमा आइपर्ने विपद्का जोखिम कम गर्न गर्नुपर्ने तयारीको जानकारी प्रवाह गर्ने उद्देश्यले गत बर्ष परियोजनाका वडाहरूलाई लक्षित गरेर, स्थापना गरिएको विपद् जोखिम न्युनिकरण अध्ययन केन्द्र यस वर्ष पनि संचालनमा रहेको छ। ललितपुरको वडा नं ७ को नेपाल भाषा मंका छें पिलाछें त्यागल र काठमाडौंको जैसिदेवल वडा नं २१ जैसिदेवल युथ क्लबमा रहेको यी अध्ययन केन्द्र मार्फत केन्द्रहरूका स्वयम्सेवकले लक्षित समुदायहरूमा विभिन्न प्रकारको विपद् खास गरी भुइँचालो सम्बन्धि जानकारीहरू प्रवाह गर्दै आइरहेको छ।












## सामुदायिक खोज तथा उद्धार सामाग्री वितरण तथा भण्डारण







२०७२ सालको गोरखा भूकम्पको अनुभवले खोज तथा उद्धार सामग्रीहरू भण्डारण समुदायमा अति आवश्यक रहेको र समुदायका व्यक्तिहरू नै समुदायमा पहिलो उद्धारकर्ता हुन् भन्ने प्रमाणीत गर्दछ। अतः समुदायले विपद्का बेलामा सहजै प्रयोगमा ल्याउनका निम्ति Shaplaneer संगको साझेदारीमा सञ्चालित "**सुरक्षित समुदाय निर्माण**" परियोजनाबाट खोज तथा उद्धारका सामग्रीहरू समुदायमा नै भण्डारण गर्ने गरी विपद्को समयमा प्रभावकारी प्रतिकार्यका लागि यस परियोजना अन्तर्गत प्रत्येक लक्षित वडाका चार स्थानमा चार लाख बराबरको सामग्रीहरू भण्डारण गरिएको छ।

## विपद् जोखिम न्युनिकरण सम्बन्धि कार्यक्रम

यस वर्ष "सुरक्षित समुदाय निर्माण" परियोजना अर्न्तगत समुदायका मानिसहरूमा भुकम्प जोखिम न्युनिकरण सम्बन्धि जानकारी दिनका लागि प्रत्येक लक्षित वडाहरूमा भुकम्प सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो।







यसका साथै विपद्का बेलामा आवश्यक आधारभूत प्राथमिक उपचार गर्न गराउन र स्थानियस्तरमा जनशक्ति तयारी अवस्थामा राख्ने उद्देश्यले परियोजनाको योजना अनुसार लक्षित वडाका सक्रिय व्यक्तिहरूलाई ३ दिने आधारभूत प्राथमिक उपचार तालीम पनि संचालन गरिएको थियो।








यस लगायत विद्यार्थी वर्गमा पनि भुकम्प र भुकम्प पूर्व तयारी सम्बन्धि जानकारीको आवश्यकता बुझि लक्षित वडाहरूका ९ विद्यालयमा विपद् जोखिम न्युनिकरण कार्यक्रम सुरु गरिएको छ। यस कार्यक्रम अन्तर्गत SOUP र Shaplaneer को सहकार्य तथा NSET को प्राविधिक सहयोगमा विद्यार्थीका निम्ति विपद् जोखिम न्यूनिकरण सम्बन्धि हाते पुस्तिका प्रकाशन गरिएको छ। उक्त प्रकाशित पुस्तिका छनौट गरिएका विद्यालयमा कक्षा ६ देखि कक्षा ८ सम्मका विद्यार्थीहरूका लागि प्रयोगमा ल्याइएको छ। ती हाते पुस्तिकामा भएका विषयबस्तुहरू अतिरिक्त कक्षा (Extra class) अर्न्तगत विद्यालय कै अगुवाइमा पढाउँदै आईरहेको छ।







# जैविक कृषि तालिम








दिनहुँ जसो मानिसहरूले विषादि भएको तरकारी उपभोग गर्नु परेको र साना किसान समूहलाई आधुनिक तरीकाबाट घरेलु विषादी प्रयोग गरी कसरी बालीनाली गर्ने भन्ने उत्सुक्ता भएको विभिन्न साना किसान समूहमा CORE International को सहयोगमा रासायनिक मल र विषादी न्यूनीकरण गरी कृषि उत्पादनमा सहयोग पुऱ्याउने उद्देश्य अनुरुप जैविक कृषि तालिम प्रदान गरिदै आएको छ । जस अनुसार यस वर्ष दक्षिणकाली नगरपालिका वडा नं.२ ग्वाल्डह र कीर्तिपुर नगरपालिका वडा १ र २ का महिलाहरू गरी ६६ जनालाई ४ महिने जैविक कृषि तालिम प्रदान गरियो ।

तालिम पश्चात महिला दिदीबहिनीहरू आफूहरूले तरकारी किनेर खान नपरेको र आफूले खाएर बचेका तरकारीहरू विक्री गरी आय आर्जन गर्न सफल भएको बताउनु हुन्छ ।

सन् २०१२ देखि हालसम्म १७ वटा समूहहरूलाई गरी ५१० जना साना किसानहरूलाई जैविक कृषि तालिम प्रदान गरी सकेको छ । जसले गर्दा हाल उहाँहरूले स्वच्छ तरकारी उपभोग गर्नुको साथै आर्थिक उन्नति गर्न समेत सक्षम भएका छन् ।











## उपलब्धिमूलक सहकार्यको लागि धन्यवाद

स्थापना काल देखि नै शहरी गरीबहरूको लागि विभिन्न कार्यहरू गर्दै आइरहेको शहरी गरीबहरूको लागि समाज "सुप" ले समयको माग अनुसार आफ्नो कार्यक्षेत्रलाई फराकिलो बनाउँदै लगेको छ।

च्याउ जस्तै उम्रेका, यस्तै प्रकृतिका विभिन्न गैर सरकारी संस्थाहरू भन्दा पृथक सोच र कार्यशैलीकै कारण स्थापना वर्षको केहि वर्ष पछि नै यस "सुप" संस्थाले गैर सरकारी संस्थाहरूको माझ आफ्नो छुट्टै पहिचान बनाउन सफल भैसकेको छ। त्यति मात्र नभई थुप्रै मानिसहरूको आयस्तर उकासी तिनीहरूको जीवनस्तरमा नै आमूल परिवर्तन ल्याउन यस संस्था सफल भैसकेको छ। त्यस्तै "सुप" ले काम गर्ने विभिन्न क्षेत्रहरू मध्ये शिक्षा क्षेत्र पनि एक हो। कमजोर आर्थिक अवस्थाका बालबालिकाहरूलाई शिक्षाको उज्यालो घामबाट बञ्चित हुन नपरोस् भनेर अतिरिक्त कक्षाहरू (ASP) संचालन गरी वास्तवमै प्रशंसनीय कार्य गरेको छ। यस्तै कार्यक्रमहरूबाट लाभान्वित भएका विद्यालयहरू मध्ये श्री सरस्वती निकेतन मा.वि., ब्रम्हटोल पनि एक हो । अभिभावकहरूको कमजोर आर्थिक अवस्था, बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने अधिकारको बाधक नहोस् भन्ने उद्देश्यले विद्यालयले पनि "सुप"संग सहकार्य गर्दै आएको छ। जस अनुसार, हाल १७ जना विभिन्न कक्षाका बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरी सहयोग गरिरहेको छ। त्यस्तै विद्यालय समय पछि पनि बालबालिकाहरूको लागि अतिरिक्त कक्षा (ASP) को व्यवस्था गरी दिएर उनीहरूको पढाई, लेखाई मात्र नभई विभिन्न अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्न पनि सहयोग भएको छ।

त्यति मात्रै नभई विद्यालयका विभिन्न समस्याहरूमा "सुप" समक्ष सहयोगको लागि अनुरोध गर्दा खालि हात कहिल्यै हुन नपरेको कुरा पनि सबैमाझ अनुरोध गर्न चाहन्छु। जस अन्तर्गत कक्षा ३ का एक छात्रा आगलागिमा परेर वि.सं. २०७० सालमा सधन शल्यक्रिया गर्नुपर्दा अभिभावकहरूको कमजोर आर्थिक अवस्थाको कारण आवश्यक रकम जुटाउन नसकिरहेको अवस्थामा उपचारमा पर्ने रकम मध्ये ५०% रकम उपलब्ध गराई सहयोग गरेको कुरा विद्यालयले कहिले पनि बिर्सन सक्दैन। त्यस्तै वि.सं. २०७१ सालमा कक्षा १ का एक बालकको भऱ्याङबाट लडेर हात भाँचेको अवस्थामा पनि यस संस्थाले शल्यक्रिया गर्न आवश्यक रकम सहयोग गरेको थियो।

त्यस्तै शिक्षकहरूको वृत्तिविकासको निम्ति विभिन्न तालिमहरूको संचालन हुँदा यस विद्यालयका शिक्षकहरूले पनि सहभागि हुने अवसरहरू पाइरहेका छन् । हालै सम्पन्न विपद् व्यवस्थापन सम्बन्धी पुस्तिकाको प्रयोग सम्बन्धी तालिममा पनि यस विद्यालयका दुई जना शिक्षकहरूले भाग लिने अवसर पाएका थिए । जस अनुसार वहाँहरूले तालिम पछि विद्यार्थीहरूमा सो पुस्तिकाको प्रयोगका साथै विपद् न्यूनिकरण सम्बन्धि कक्षाहरू प्रदान गरी रहेका छन्। जसबाट बालबालिकाहरूलाई किताबी ज्ञानका साथसाथै व्यवहारिक ज्ञान पनि प्राप्त भइरहेको छ।

यसरी "सुप"संगको सहकार्यले श्री सरस्वती निकेतन मा.वि. जस्तै अरु थुप्रै सामुदायिक विद्यालयका विद्यार्थीहरू मात्र नभई शिक्षकहरू समेत लाभान्वित भएका छन्। जसको लागि "सुप" संस्थालाई सम्बन्धित सबैको तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहन्छु।

- रविना महर्जन, प्रधानाध्यापक
श्री सरस्वती निकेतन मा.वि.,
ब्रम्हटोल- १२, काठमाडौं



**२०७६ सालको शुभ-विजया दशमी,**

**ने.सं. ११४० तथा शुभ-दिपावली**को उपलक्ष्यमा

सम्पूर्ण "सुप" संस्थाका हितैषी, सहयोगी

सदस्यहरु तथा विभिन्न संघ–संस्थाहरुमा



**हार्दिक मंगलमय शुभ-कामना**



"सुप" परिवार

## After School Program (ASP) कार्यक्रमः





सामुदायिक विद्यालयमा, विद्यालयको पठनपाठन पछि थप २ घण्टाको लागि कक्षा १ देखि ५ कक्षासम्मका कमजोर विद्यार्थीहरूलाई सम्मिलित गराई विद्यार्थीहरूमा भएका भित्रि इच्छा र मनोबललाई प्रस्फुटन गर्ने उद्देश्यले आ.व. २०७५/७६ मा ६ वटा (CORE International को सहयोगमा ५ वटा र सहयोगी सदस्यहरूको सहयोगमा १ वटा) भिन्ना भिन्दै विद्यालयमा, विद्यालय पश्चातको कार्यक्रम (ASP) संचालन भई रहको छ।



का.म.न.पा.वडा नं. १३ कालिमाटी स्थिति बालशिक्षा गृहमा, का.म.न.पा वडा नं. १२ मा सरस्वती निकेतन माध्यमिक विद्यालय, महेन्द्र सरस्वती आधारभूत विद्यालय र का.म.न.पा. वडा नं. ३२ मा जडिबुटी स्थित बालशिक्षा गृहमा त्यस्तै गरी ल.पु.म.न.पा.वडा नं.६ यशोधरा बौध माध्यमिक विद्यालय तथा ल.पु.म.न.पा.वडा नं. १७ श्रमजित किशोर माध्यमिक विद्यालयमा नियमित रुपमा कक्षा संचालन भई रहेको छ। यसबाट १५५ जना विद्यार्थीहरू सहभागी हुन पाएका छन्।

विद्यालयका प्रधानाध्याकहरूको भनाई अनुसार हाल विद्यालयमा विद्यार्थीको संख्यामा वृद्धि हुनुको साथै विद्यार्थीहरू विद्यालयमा







## विभिन्न तालिमहरू





विगतमा झैं यस आर्थिक वर्षमा पनि CORE International को सहयोगमा विभिन्न समुदायका प्रतिनिधिहरू तथा "सुप"मा कार्यरत कर्मचारीहरूको पनि क्षमता अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न समयमा विभिन्न किसिमका तालिमहरू प्रदान गरियो । जस्तैः ३ दिने नेतृत्वशीप तथा समूह सहजीकरण तालिम, २ दिने क्षमता अभिवृद्धि तालिम











## सफलताको कथा

म ४५ वर्षे दुर्गा खड्का कीर्तिपुर नगरपालिका वडा नं.४ चम्पादेवीमा श्रीमान् र छोरा सहित ३ जनाको परिवारमा बस्छु । मेरो परिवारको गुजारा चलाउने मुख्य श्रोत कृषि पेशा हो । मैले आफ्नै २ रोपनी जग्गामा परम्परागत तरीकाले तरकारी खेती गर्दै आइरहेको थिए । विभिन्न रोग किराहरूले गर्दा, जति काम गर्दा पनि उत्पादन कम हुने, खर्च धेरै, आम्दानी थोरै हुने भएकोले घर खर्च चलाउन धेरै गाह्रो थियो ।

"सुप" संस्थाको आयोजनामा संचालित १८ हप्ते आई.पि.एम. तालिम पश्चात कृषि सम्बन्धि धेरै ज्ञान भयो । जस्तैः- नर्सरी राख्ने, ड्याङ्ग बनाउने, सिफारिस मल खाद प्रयोग गर्ने, रोगकिरा पहिचान गर्ने, मलखाद र झोलमल बनाउने आदि । अहिले मौसम अनुसारको तरकारी खेती गरी दैनिक २, ३ हजारको तरकारी उत्पादन गरी बिक्री गर्न थालेको छु । आम्दानी गरेर केही बचत पनि गर्छु र बचेको घर खर्च लगायत बच्चालाई पढाउनको लागि खर्च गर्ने गरेको छु ।

यसरी आई.पि.एम. तरीकाबाट खेती गरेर खाद्य सुरक्षामा सुधार आएको र आम्दानीमा पनि वृद्धि भएको छ । यसरी म जस्ता साना किसानहरूलाई तालिम दिएर सहयोग गरिदिनु भएकोमा "सुप" लगायत CORE International लाई धेरै-धेरै धन्यवाद !

# विद्यालय तयारी कक्षा

विद्यालय भर्ना हुने उमेर पुगेको तर विद्यालय नगएका बालबालिकाहरूलाई लक्षित गरी CORE International को सहयोगमा का.म.न.पा. वडा नं.१३, कालिमाटी र वडा नं.३२ जडिबुटीमा गरी दुई वटा बालशिक्षा गृहमा गरी वर्षेनी ३०-३० जना बालबालिकाहरूलाई १ वर्षे विद्यालय तयारी कक्षा विगत केहि वर्ष देखि प्रदान गरिदै आएको छ।

उक्त कक्षामा विहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म हप्ताको ६ दिन पठनपाठन गर्ने गरिन्छ । उक्त कक्षामा बालबालिकाहरूले विभिन्न विषयहरू जस्तै नेपाली, अंग्रेजी, हिसाव, सामाजिक, विज्ञान, नैतिक शिक्षाको साथसाथै अतिरिक्त क्रियाकलापहरूद्वारा उनीहरूलाई १ वर्षे विद्यालय तयारी कक्षा प्रदान गरी अर्को वर्ष छात्रवृत्तिमा सामुदायिक विद्यालयहरूमा भर्ना गरी बालबालिकाहरूले पढ्न पाउनु पर्ने अधिकारलाई सुनिश्चित गरिएको छ।

यसरी हालसम्म ७६३ बालबालिकाहरूलाई विद्यालय तयारी कक्षा प्रदान गरी सकेको छ भने जम्मा ३३० जनालाई छात्रवृत्तिमा सहयोग गरिएको छ।

यस वर्ष CORE International को सहयोगमा १०५ जना विद्यार्थीहरूलाई छात्रवृत्ति सहयोग प्रदान गरियो।













## २६ औं साधारण सभाको फोटो झलक





















# शहरी गरीवहरूको लागि समाज



गुजेश्वरी श्रेष्ठ
संरक्षक/संस्थापक अध्यक्ष

## सञ्चालक समितिका पदाधिकारीहरू
(वि.सं. २०७५ भाद्र देखि वि.सं. २०७७ भाद्रसम्म)



महेन्द्र शाक्य
अध्यक्ष



पूर्ण ब. महर्जन
नि. वर्तमान अध्यक्ष



विजय मल्ल
उपाध्यक्ष



रेजिना श्रेष्ठ (जोशी)
सचिव




श्रीकृष्ण महर्जन
कोषाध्यक्ष



बलराम महर्जन
सदस्य



चन्द्रकृष्ण महर्जन
सदस्य



केशरी तण्डुकार
सदस्य



रत्नशोभा चित्रकार
सदस्य



सविना महर्जन
सदस्य

## शहरी गरीबहरूको लागि समाज (SOUP)
सानेपा, साँचल-२, ललितपुर

### आ.ब. ०७५।७६ को वासलात बिवरण

| पूजी तथा दायित्व | यस वर्ष | गत वर्ष | सम्पती | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|---|
| सदस्य पूँजी कोष | ३४,२२०।०० | ३४,२२०।०० | स्थायी सम्पत्ति | ४,३२०,३१०।६१ | ४,५०६,७३५।५५ |
| गत बर्षको अल्या | ५,४४४,२०२।१८ | ६,३९६,४१६।५२ | नगद तथा बैक मौज्दात | ६,१०६,३९४।९२ | ५,९२६,६२६।७० |
| यस बर्षको | ३४४,८९१।५० | (९५२,२१४।३४) | अन्य सम्पति | ३३,४६८।४६ | ५१,०००।०० |
| भवन निर्माण कोष | ३,६५५,२९३।०७ | ३,६५५,२९३।०७ | पेश्की | - | - |
| साप्लानियरको बाँकी परियोजना | ९२९,३८३।२४ | १,२५१,१४७।०० | | | |
| तिर्नुपर्ने बाँकी | ५२,१८४।०० | ९६,५००।०० | | | |
| | १०,४६०,१७३।९९ | १०,४८१,३६२।२५ | | १०,४६०,१७३।९९ | १०,४८१,३६२।२५ |

विद्यालक्ष्मी मानन्धर
कार्यक्रम व्यवस्थापक

श्रीकृष्ण महर्जन
कोषाध्यक्ष

महेन्द्र शाक्य
अध्यक्ष

Registered Auditor-B Class UKU & Associates Lalitpur
उकुलाल महर्जन
लेखा परीक्षक

